# नेपाल राजपत्र

## भाग ४

**श्री ५ को सरकारद्वारा प्रकाशित**

**काठमाडौं, फागुन ३० गते २०३४ साल**

श्री ५ को सरकार

### गृह पञ्चायत मन्त्रालयको

### सूचना

२०३५ साल वैशाख १ गतेदेखि ऐजन चैत्र मसान्ततक वर्ष १ मा देहायबमोजिम सार्वजनिक बिदा र अरू पर्व बिदाहरू दिने श्री ५ को सरकारले निर्णय गरेको छ :-

१. विभिन्न मन्त्रालय, अड्डा अदालत एवं कार्यालयहरूलाई हरेक शनिबार दिन बाउन्न- ५२

| | | | |
|---|---|---|---|
| वैशाख | २, ९, १६, २३, ३० | गते दिन पाँच – | ५ |
| जेष्ठ | ७, १४, २१, २८ | गते दिन चार – | ४ |
| आषाढ | ३, १०, १७, २४, ३१ | गते दिन पाँच – | ५ |
| श्रावण | ७, १४, २१, २८ | गते दिन चार – | ४ |
| भाद्र | ३, १०, १७, २४, ३१ | गते दिन पाँच – | ५ |
| आश्विन | ७, १४, २१, २८, | गते दिन चार – | ४ |
| कार्तिक | ४, ११, १८, २५ | गते दिन चार – | ४ |
| मार्ग | ३, १०, १७, २४ | गते दिन चार – | ४ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८८७

| | | | |
|---|---|---|---|
| पौष | १, ८, १५, २२, २९ | गते दिन पाँच – | ५ |
| माघ | ६, १३, २०, २७ | गते दिन चार – | ४ |
| फाल्गुण | ५, १२, १९, २६ | गते दिन चार – | ४ |
| चैत्र | ४, ११, १८, २५ | गते दिन चार – | ४ |

२. अन्य पर्व बिदाहरू:–

(क) नववर्ष:– वैशाख १ गते शुक्रवार दिन एक– १

(ख) ऋषितर्पणी (रक्षाबन्धन):– भाद्र २ गते शुक्रबार दिन एक– १

(ग) वसन्तपञ्चमी:– माघ १८ गते बृहस्पतिबार दिन एक– १

(घ) महाशिवरात्रि:– फाल्गुण १३ गते आदित्यबार दिन एक– १

(ङ) फागु पूर्णिमा:– फाल्गुण २९ गते मङ्गलबार दिन एक– १

(च) चैत्र शुक्ल अष्टमी (चैत्र दशैं):– २०३४ सालको चैत्र दशैं २०३५ साल वैशाख २ गते शनिबार परेकोले बिदा भनी रहन नपर्ने।

२०३५ सालको चैत्र दशैं चैत्र २२ गते बुधवार परेकोले बिदा दिन– १

(छ) रामनवमी:– २०३४ सालको रामनवमी २०३५ साल वैशाख ३ गते आदित्यबार परेकोले बिदा दिन एक– १

२०३५ सालको रामनवमी चैत्र २३ गते बृहस्पतिबार परेकोले बिदा दिन एक– १

३. जात्रा बिदाहरू (उपत्यकालाई मात्र):–

(क) गाईजात्रा:– भाद्र ३ गते शनिबार परेकोले बिदा भनी रहन नपर्ने।

(ख) इन्द्रजात्रा:– भाद्र ३० गते शुक्रबार दिन एक– १

(ग) घोडेजात्रा:– चैत्र १४ गते मङ्गलबार दिन एक– १

(घ) मछिन्द्रनाथको भोटो देखाउने दिन एक–

४. महिला कर्मचारीको लागि मात्र:–

(क) हरितालिका (तीज):– भाद्र २० गते मङ्गलबार दिन एक– १

(ख) ऋषिपञ्चमी:– भाद्र २२ गते बृहस्पतिबार दिन एक– १

(ग) नारी दिवस:– ८ मार्च १९७९ तदनुसार फाल्गुण २५ गते शुक्रबार दिन आधा– ½

५. दशैं बिदा:–

(क) श्री ५ को सरकारको मन्त्रालय, विभाग, अड्डा अदालत, न्यायिक समिति तथा अन्य कार्यालयहरूसमेतलाई आश्विन १७ गते मङ्गलबार घटस्थापना दिन १ त्यसपछि आश्विन २२ गते आदित्यबार फुलपातीदेखि २९ गते आदित्यबार कोजाग्रत पूर्णिमासम्म दिन आठ– ८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. तिहार बिदा:-

(क) लक्ष्मीपूजाः- कार्तिक १४ गते मङ्गलबार दिन एक- १

(ख) गोवर्धनपूजा (म्हपूजा):- कार्तिक १५ गते बुधबार दिन एक- १

(ग) भातृ (किजा) पूजाः- कार्तिक १६ गते बृहस्पतिबार दिन एक- १

७. दिवस बिदा:-

(क) संयुक्त राष्ट्रसंघ दिवसः- २४ अक्टोबर १९७८ तदनुसार कार्तिक ७ गते मङ्गलबार दिन आधा- ½

(ख) नेपाल शहिद दिवस माघ १६ गते मङ्गलबार दिन आधा- ½

८. श्री ५ महाराजाधिराज सरकारको स्वदेश वा विदेश भ्रमणमा बाहिर सवारी होइबक्संदा र राजधानी फिर्ती सवारी होइबक्संदा देहायबमोजिम बिदा हुने:-

(क) राजकीय भ्रमण गरिबक्संदा अधिराज्यभर बिदा।

(ख) औपचारिक भ्रमण गरिबक्संदा उपत्यकाभित्रका कार्यालयहरूलाई म.न आधा दिन बिदा।

९. शुभ-जन्मोत्सवः-

(क) श्री ५ महाराजाधिराज सरकारको शुभ-जन्मोत्सवः- अधिराज्यभर पौष १४ गते शुक्रबार र अधिराज्यबाहिर १९७८ डिसेम्बर २८ तारीख (पौष १३ गते बृहस्पतिबार) दिन एक- १

(ख) श्री ५ बडामहारानी सरकारको शुभ-जन्मोत्सवः- अधिराज्यभर कार्तिक २२ गते बुधबार र अधिराज्यबाहिर १९७८ नोवेम्बर ७ तारीख (कार्तिक २१ गते मङ्गलबार) दिन एक- १

१०. जन्म-जयन्तीहरूः-

(क) गौतमबुद्ध जयन्तीः- जेष्ठ ९ गते सोमबार दिन एक- १

(ख) कृष्ण जयन्तीः- भाद्र ९ गते शुक्रबार दिन एक- १

(ग) श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको शुभ-जयन्तीः- पौष २७ गते बृहस्पतिबार दिन एक- १

(घ) राष्ट्रपिता श्री ५ त्रिभुवन जयन्ती तथा प्रजातन्त्र दिवसः- फाल्गुण ७ गते सोमबार दिन एक- १

(ङ) श्री ५ महेन्द्र जयन्ती तथा संविधान दिवसः- पौष १ गते शनिबार परेकोले बिदा नदिने।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८६५

११. हाजिर हुने र छुट्ने समयः–

मन्त्रालय तथा कार्यालयहरूको हकमा मार्ग, पौष र माघ ३ महीना बिहान १० बजे हाजिर भै बेलुका ४ बजे छुट्ने बाँकी ९ महीना १० बजे हाजिर भै बेलुका ५ बजे छुट्ने।

१२. निम्नलिखित उत्सव समारोहमा उपस्थितिको निमित्त तोकिएको दिन, ठाउँ र समय सूचना भएबमोजिम गर्नेः–

(क) श्री ५ महाराजाधिराज सरकारको शुभ–जन्मोत्सवमा उपस्थित हुने।
(ख) श्री ५ महाराजाधिराज सरकारको बाहुलीबाट टीका थाप्ने।
(ग) श्री ५ महेन्द्र जयन्ती तथा संविधान दिवसमा उपस्थित हुने।
(घ) राष्ट्रपिता श्री ५ त्रिभुवन जयन्ती तथा प्रजातन्त्र दिवसमा उपस्थित हुने।
(ङ) श्री ५ पृथ्वी जयन्तीमा उपस्थित हुने।
(च) श्री ५ महाराजाधिराज सरकारबाट वसन्तश्रवण गरिबक्सने दिन।
(छ) बडा दशैं फुलपातीको दिन उपस्थित हुने।
(ज) घोडेजात्राको तमासामा उपस्थित हुने।
(झ) महा–शिवरात्रिको बढाइंमा उपस्थित हुने।

१३. माथि लेखिएबमोजिम बिदा पाउनेमा रोजनामा काम हुने मन्त्रालय तथा कार्यालयहरू जस्तैः– अस्पताल, रोपवे, तार, टेलिफोन, प्रहरी थाना, चौकी, फायर बृगेड, टक्सार, रेडियो नेपाल, श्री ५ को सरकारको छापाखाना, आकाशवाणी र हुलाकसमेतको कामकाज रोक्न नहुने कार्यालयहरूको निमित्त सरकारी कामकाज रोक्न नपाउने गरी प्रचलित कानून-बमोजिम रीत पुऱ्याई सात्र बस्न पाइनेछ।

टिप्पणीः–

आधा दिन भन्नाले मार्ग, पौष र माघ ३ (तीन) महीनाको निमित्त दिनको १ बजे र बाँकी ९ (नौ) महीनाको लागि दिनको १½ बजे भन्ने सम्झनुपर्छ।

आज्ञाले–
सहायक रथी वीरेन्द्रप्रसाद शाह
श्री ५ को सरकारको का. मु. सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।